सूचना !　　　　सूचना ! !　　　　सूचना ! ! !

बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व.२०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार नगर प्रमुख गृहिणी महिला स्वरोजगार तालिम कार्यक्रमहरु स्वरोजगार तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले संचालन गरिने भएकोले तपसिलमा उल्लेखित तालिमहरुमा सहभागी हुन इच्छुक महिलाहरुले नगरप्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन ऐन, २०८१ को दफा ९(१)ख, अनुसूची १ अनुसारको ढाँचामा तोकिएको आवश्यक शर्त तथा कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालय एवं बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सहभागीताका लागि दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशन गरिएकोछ । दरखास्त फाराम बुटवल उपमहानगरपालिकाको वेवसाइट **www.butwalmun.gov.np** बाट, सम्बन्धीत वडा कार्यालयबाट र बुटवल उपमहानगरपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

सूचना प्रकाशन मितिः २०८१।१२।५

| सि.नं. | तालिमको नाम | समय /अवधि | कैफियत |
|---|---|---|---|
| १ | वर्थ डे केक, बेकरी बनाउने तालिम | ३० दिन | |
| २ | महिलाहरुका लागि जुत्ता चप्पल मखमली चप्पल | ३० दिन | |
| ३ | चुरा पोते, टीका बनाउने तालिम | १५ दिन | |
| ४ | गुन्द्रुक मस्यौरा बनाउने तालिम | ७ दिन | |
| ५ | डल्लो सावुन, सरफ फिनेल हरपेक बनाउने तालिम | १५ दिन | |
| ६ | विभिन्न जातजातिको भेषभुषा ड्रेस तयार गर्ने तालिम | ९० दिन | |
| ७ | थाकलका सामान (झोला, टोपी, गमला र चकटी बनाउने तालिम) | ४५ दिन | |
| ८ | झिनिया रोटी, सेल रोटी, बटुक रोटी, कोदोको रोटी फापरको रोटी, परौठा बनाउने तालिम | १५ दिन | |
| ९ | आलु चिप्स , दालमोठ, भुजीया बनाउने तालिम | ३० दिन | |
| १० | गाईको गोवरको अगरबत्ती बनाउने तालिम | १५ दिन | |
| ११ | च्याउ खेती तालिम | ७ दिन | |
| १२ | ढकीया बनाउने तालिम | १५ दिन | |
| १३ | स्यानीटरी प्याड र डाइपर बनाउने तालिम | १५ दिन | |
| १४ | पुजा सामाग्री उत्पादनसंग सम्बन्धी तालिम | १५ दिन | |
| १५ | उनको स्वीटर लगायतका सामाग्री तयार गर्ने तालिम | ३० दिन | |
| १६ | बटुवा धुप बनाउने तालिम | ७ दिन | |

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

**आवश्यक कागजातहरु तथा शर्तहरु**

१. नेपाली नागरिकताको प्रतिलिपी वा मतदाता परिचय पत्रको प्रतिलिपी

२. तालिममा सहभागी हुनका लागि २० वर्षदखि ६० वर्षभित्रका महिला हुनुपर्नेछ ।

३ बेरोजगार र रोजगारी गर्न इच्छुक महिला

४ समुदायस्तरमा गठित विभिन्न समुहमा आवद्ध महिलाहरु

५ वडा कार्यालयहरुद्धारा उक्त वडामा रहेका टोल विकास संस्थाहरुलाई सूचनाको जानकारी गराउनु पर्नेछ ।

६ सबै किसिमका तालिम संचालनको समय तोकिए बमोजिम हुनेछ ।

७ यो कार्यक्रम बुटवल उपमहानगरपालिकाबाट स्थानी महिलाहरुको सीप, क्षमता , रोजगार र आर्थिक क्षेत्रमा स्तरोन्नतिका लागि गरिएको ।

८ छनौट भएका सहभागीहरुले तालिम अवधि भर नियमित सहभागी हुनुपर्ने ।

९ यो सूचना बमोजिमका निवेदनहरु प्राप्त भए पश्चात सहभागीहरुको छनौट गर्ने तथा तालिम के कसरी संचालन गर्ने विषयको जिम्मेवारी तोकिए बमोजिम एवं बुटवल उपमहानगरपालिकाको निर्णय अनुसार हुनेछ ।

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,

अनुसूची १

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रममा संचालन हुन चाहने महिलाले दिने निवेदनको ढाँचा

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,

बुटवल, रुपन्देही ।

नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन ऐन, २०८१ ले निर्धारण गरेका व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र बुटवल उपमहानगरपालिकाद्धारा संचालित नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित स्वरोजगार कार्यक्रममा संलग्न हुनका लागि यो निवेदन पेश गरेको छु ।

१. नाम, थर :

२. स्थायी ठेगाना :...............................न.पा वडा नं......................

३. अस्थायी ठेगाना : .........................न.पा. वडा नं.....................

४. परिवारको सदस्य संख्या : ................जना

५. स्वदेशी /बैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यको संख्या :

६. वार्षिक पारिवारिक आय : रु.........................(अक्षररुपी..................................................)

७. शैक्षिक योग्यता :

८. आफुले हासिल गरेको सीप /तालिमको विवरण :

९. तालिम लिन चाहेको विषय/क्षेत्र :...............................................................)

१०. काममा खटिन चाहेको विषय सम्भावित समय .......................देखि ........................सम्म ।

११. काम गर्न चाहेको ठाउँ.........................................................

१२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुट्ठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला /बुझाउँला भनी सहीछाप गर्ने ।

निवेदकको दस्तखत :

मोवाइल नं: